# धनगढी उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प.सं. :- २०७९/८०**
**च.नं. :-** ०६

**मिति :-** २०७९/०४/०४

## विषय : विद्यालय दिवा खाजा सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै
श्री समुदायमा आधारित बालविकास केन्द्रहरु सबै
धनगढी उपमहानगरपालिका, कैलाली ।

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक बर्ष २०७९।८० को बजेट बक्तव्यको बुँदा नं. १६१ मा स्थानीय उत्पादनको उपभोगलाई प्राथमिकता दिई दिवा खाजा कार्यक्रमलाई क्रमश: कक्षा ८ सम्म विस्तार गर्ने लक्ष्यका साथ आगामी आर्थिक बर्ष कक्षा ६ सम्म विस्तार गर्ने उल्लेख भई सकेकोले विद्यालय दिवा खाजा सम्बन्धमा देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**नरेन्द्र बहादुर खाती**
**उपसचिव**

**देहाय :**

१. विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिन प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुलाई दिवा खाजा खुवाउने ।

२. दिवा खाजा सम्बन्धी अन्य विस्तृत जानकारीका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रको वेभसाइट cehrd.gov.np मा रहेको दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अध्ययन गर्ने ।

३. दिवा खाजाको रकम भुक्तानीका लागि हरेक त्रैमासिक अवधिमा शैक्षिक सूचना २०७९ मा उल्लेखित विद्यालय दिवा खाजाको रकम माग फारामको ढाँचामा प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको दैनिक हाजिरी विवरण प्रमाणित गरी रकम माग गर्ने ।

४. विद्यालयमा दैनिक खुवाइएको खाजाको मेनुगत र विद्यार्थीगत अभिलेख रजिष्टर तयार गरी दैनिक अध्यावधिक गरेर राख्ने ।

५. दिवा खाजाको दैनिक मेनु व्यवस्थापन गत आर्थिक वर्ष कै कार्यान्वयन गर्ने ।

**बोधार्थ :**

श्रीमान नगर प्रमुख ज्यूको सचिवालय : जानकारीका लागि सादर अनुरोध छ ।
श्रीमान नगर उपप्रमुख ज्यूको सचिवालय : जानकारीका लागि सादर अनुरोध छ ।
श्री सञ्चार तथा सूचना प्रविधि शाखा : सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।